29/09/2025

National News

मुख्य समाचार

- प्रधानमन्त्रीले राष्ट्रीय राजधानीको दीन दयाल उपाध्याय मार्गमा नवनिर्मित दिल्ली भाजपा कार्यालयको गर्नुभयो उद्धाटन
- करूरमा शनिवार तमिलगा वेत्री कझगम-टीवीके-को राजनीतिक रॆलीमा भएको भॊगदड़मा मर्नेहरूको संख्या बढ्ॆर पुग्यो एकचालिस
- स्वास्थ्य तथा परिवार कल्याण मन्त्रीले स्वस्थ नारी सशक्त परिवार अभियान अन्तर्गत देशभरॊमा अहिले सम्म नौ लाख भन्दा अधिक स्वास्थ्य शिविर लगाइएको दिनुभयो जानकारी
- भारत तथा भूटान कोकराझार-गेलेफू र बानरहाट-समत्से बीच सीमा पारको दॖई रेल सम्पर्क स्थापित गर्नमा सहमत भएको छ।

49 प्रधानमंत्री-दिल्ली भाजपा कार्यालय

प्रधानमन्त्री नरेन्द्र मोदीले आज राष्ट्रीय राजधानीको दीन दयाल उपाध्याय मार्गमा नवनिर्मित दिल्ली भाजपा कार्यालयको उद्धाटन गर्नुभयो । यस कार्यालयको आधारशिला भाजपा अध्यक्ष जगत प्रकाश नड्डाले नौ जुन , दुई हजार तेइसमा राख्नुभएको थियो । यस अवसरमा जगत प्रकाश नड्डाले भन्नुभयो , प्रधानमन्त्री मोदीले आफ्नो जीवनको हर क्षण राष्ट्र र पार्टीलाई समर्पित गर्नुभएको छ। उहाँले भन्नुभयो , श्री मोदी सधै को एक सय चालिस करोड़ मानिसको कल्याण बारे सोचीरहनुहुन्छ।

48 वित्त मंत्री- तमिलनाडु दौरा

केन्द्रीय वित्त मन्त्री निर्मला सीतारामनले आज करूरको यात्रा गर्नुभयो । करूरमा शनिवारको तमिलगा वेत्री कझगम-टीवीके-को राजनीतिक रॆलीमा भएको भॊगदड़मा मर्नेहरूको संख्या बढ्ॆर एकचालिस भएको छ । मीडियासंग बातचीत गर्दै श्रीमती सीतारामनले भन्नुभयो प्रधानमन्त्रीले उहाँहरूलाई र केन्द्रीय राज्य मन्त्री डॊ. एल. मुरुगनलाई भॊगदड़को विस्तृत जानकारी प्राप्त गर्नका लागि पठाउनुभएको हो ।

गोयल-एफटीए

केन्द्रीय वाणिज्य र उद्योग मन्त्री पीयूष गोयलले भन्नुभयो, यूरोपीय मुक्त व्यापार संगठनका सदस्य देश आइसल्याण्ड, लाइक्टेन्स्टीन, नर्वे र स्विइजरल्याण्को साथ मुक्त व्यापार सम्झौता यस वर्ष पहलो अक्टबरसंग प्रभावी हुनेछ । श्री गोयलले बताउनुभयो विकसित देशले भारतका साथ मुक्त व्यापार सम्झौतामा हस्ताक्षर गर्ने इच्छा राखेको छ । यो सम्झौता संयुक्त अरब अमीरात, अस्ट्रेलिया र ब्रिटेनका साथ पहिले नै गरिएको छ।

27 नड्डा सम्मेलन

स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डाले बताउनुभयो, स्वस्थ नारी सशक्त परिवार अभियान अन्तर्गत देशभरामा अहिले सम्म नौ लाख भन्दा अधिक स्वास्थ्य शिविर लगाइएको छ । नयाँ दिल्लीमा आज एउटा निजी समाचार च्यानल द्वारा आयोजित स्वास्थ्य सम्मेलनमा श्री नड्डाले बताउनुभयो, अहिले सम्म तीन करोड साठ्ठी लाख भन्दा अधिक मानिसको जाँच भएकोछ । उहाँले भन्नुभयो, दुई अक्टुबर सम्म जाँचको संख्याले चार करोड़ पार गर्ने संभावना छ । श्री नड्डाले भन्नुभयो, नरेन्द्र मोदी सरकारको कार्यकालमा, देशको स्वास्थ्य दृष्टिकोण, उपचारात्मक दृष्टिकोणबाट हटेर एउटा समग्र मोडल तर्फ बढ़ेकोछ ।

संशो राजनाथ - कमांडर्स कन्फ्रेंस

रक्षा मन्त्री राजनाथ सिंहले आन्तरिक र बाहरी सुरक्षा चुनौतीहरू संग निपट्नलाई तत्काल तयारीको आवश्यकतामा बल दिनुभयो । आज नयाँ दिल्लीमा भारतीय तटरक्षक बल कमान्डर्स कन्फ्रेन्सलाई सम्बोधन गर्दै, श्री सिंहले भन्नुभयो, रक्षा बलहरूलाई बहुआयामी सुरक्षा खतरासमग निपट्नका लागि तयार रहनु पर्छ । उहाँले भन्नुभयो, आजको समयमा चुनौतीहरू स्थिर हुनुभन्दा अधिक गतिशील छ । स्वचालित प्रतिक्रिया प्रणालीहरूलाई एकीकृत गर्ने आवश्यकतामा बल दिनुभयो । यो रेखाङ्कित गर्दै समुद्री सुरक्षा एउटा गम्भीर चुनौती बनेकोछ, श्री सिंहले भन्नुभयो, भारतको तटीय सीमा विशाल छ र ख़तरा पनि उतीनै ठूलो छ ।

भारत- भूटान

भारत र भूटान कोकराझार-गेलेफू र बानरहाट-समत्से बीच सीमा पारको दुई रेल सम्पर्क स्थापित गर्नमा सहमत भएको छ । भूटानका साथ रेल परियोजनाको व्यापक जानकारी दिँदै केन्द्रीय रेल मन्त्री अश्विनी वैष्णवले भन्नुभयो, यो परियोजनाले भूटानको दुई प्रमुख शहर गेलेफू र समत्सेलाई जोड़ीरहेकोछ । उहाँले भन्नुभयो, यी दुई परियोजनाहरू कोकराझार र

बानरहाटमा भारतीय रेलवे नेटवर्कबाट शुरू ह्ुनेछ । केन्द्रीय मन्त्रीले भन्नुभयो, भूटानको अर्थव्यवस्थाको विकासका लागि निर्बाध रेल कनेक्टिविटी अत्यन्त महत्वपूर्ण छ ।
यस अवसरमा विदेश सचिव विक्रम मिसरीले भन्नुभयो, यो भारत द्वारा भूटानका साथ रेल कनेक्टिविटी परियोजनाहरूको पहिलो सेट ह्ुनेछ । उहाँले भन्नुभयो, यस कनेक्टिविटीका लागि , समझौता ज्ञापनमा हस्ताक्षर वास्तवमा पछिलो वर्ष प्रधानमन्त्री नरेन्द्र मोदीको भूटान यात्रामा गरिएको थियो । श्री मिसरीले भन्नुभयो, भारत र भूटानले विश्वास, परस्पर सम्मान र समझको असाधारण सम्बन्ध साझा गर्छन् । उहाँले भन्नुभयो, सम्बन्ध सांस्कृतिक र सभ्यतागत सम्बन्ध, व्यापक जन सम्बन्ध र हाम्रो साझा विकासात्मक र सुरक्षा हितहरूमा आधारित छ । उहाँले भन्नुभयो , भारत, भूटानको शीर्ष व्यापारिक साझेदार हो।

<u>संयुक्त राष्ट्र-प्रतिबंध फिर लागू</u>
संयुक्त राष्ट्रले ईरानमा फेरी प्रतिबन्ध लगाउने पुष्टि गरेको छ। सुरक्षा परिषदको प्रस्ताव एक हजार सात सय सैतालिस अन्तर्गत पूर्वमा प्रतिबन्धित त्रिचालिस जना व्यक्तिहरूको र अठहत्तर संस्थाहरूको सूचीलाई फेरी सक्रिय गरएको छ । यो कदम पछिलो महीना फ्रान्स, ब्रिटेन र जर्मनी द्वारा स्नेपबेक तन्त्रको औपचारिक आह्वान पछि उठाइएको हो, जसले ईरान द्वारा दुई हजार पन्द्रहको परमाणु समझौता, संयुक्त व्यापक कार्य योजनाको कथित उल्लङ्घनका कारण तिस दिन भीत्र संयुक्त राष्ट्रको प्रतिबन्धलाई फेरी लागू गर्न सकिन्छ। यस कार्य योजना अनतर्गत प्रतिबन्धमा राहत दिने प्रयास उन्नाइस सितम्बरमा र फेरी पछिलो शुक्रवार संयुक्त राष्ट्र सुरक्षा परिषदमा विफल रहेको थियो, जसले वर्तमान तनाव थाहा लाग्छ।

<u>कर्नाटक - मुख्यमंत्री</u>
महाराष्ट्रको माथिलो जलाशय र बेराजो बाट पानी छोड्एिका कारण कर्नाटकमा भीमा नदी बेसिन र केही तल्लो ज़िला जलमग्न भएकोछ हो। भीमा र मंजरा नदीहरूको उफानका कारण कलबुर्गी, यादगीर र बीदर ज़िलाहरूमा बाढ़ आयो । उत्तरी कर्नाटकको कट्टिसांगवी र खानी गाउँका छेउमा भीमा नदीमा बनेको पुल जलमग्न ह्ुनाले राष्ट्रीय राजमार्ग संख्या- पचासमा वाहनहरूको आवागमन बाधित भयो । यादगीर शाहपुर मार्ग यातायातका लागि परिवर्तित गरियो । बीदरमा हिजो एकसय बाइस मिलीमीटर बर्षा दर्ता गरियो, जो सामान्य भन्दा एक सय निनानब्बे प्रतिशत अधिकछ । बीदर ज़िलाका प्रभारी ईश्वर खण्ड्रेले राजस्व विभागलाई किसानहरूलाई पन्द्रह दिन भीत्र क्षतिपूर्ति दिने निर्देश दिइएको छ ।

दिल्ली - एशिया क्रिकेट बधाई

एशिया क्रिकेट कप फाइनलमा भारतले पाकिस्तान विरूद्ध ऐतिहासिक जीत दर्जता गर्दै ट्रफी आफ्नो नाम बनायो। यस अवसरमा दिल्लीका मुख्यमन्त्री रेखा गुप्ताले भारतीय क्रिकेट टीमलाई बधाई दिनुभयो। उहाँले भारतको यस ऐतिहासिक जीतलाई नवरात्रिको पावन अवसरमा माँ दुर्गाको असीम कृपासंग जोड्दै, भारतका एक सय चवालिस करोड़ जनताका लागि खुशीको अवसर बताउनुभयो।